मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५
च.नं : १५०८

मितिः २०७५/०१/३०

विषय :- सूचना टाँस गरी मूचुल्का प्रमाणित गरि पठाउनुहुन ।

श्री १ नं. वडा कार्यालय, कुहुँ।
श्री २ नं. वडा कार्यालय, बाबियाचौर।
श्री ३ नं. वडा कार्यालय आर्भाङ्, बरंजा ।
श्री ४ नं. वडा कार्यालय बुकेनी, बरंजा ।
श्री ५ नं. वडा कार्यालय पाँखु, अर्मन ।

उपर्युक्त विषयमा मंगला गाउँपालिका - ५, हाँडेभिर खुंडेतालघाटमा अवस्थित अर्मन स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी प्राथमिक अस्पताल भवन बनाउन तथा मंगला गाउँपालिका ४ नं. वडा कार्यालय भवन निर्माणको लागि आवस्यक पर्ने जग्गाहरु क्रमशः अर्मन - ५, हाँडेभिर हाल अर्मन स्वास्थ्य चौकीको पश्चिम उत्तरतर्फ स्वास्थ्य चौकीको जग्गासँगै जोडिएको हालसम्मको उपलब्ध अभिलेख अनुसार मंगली मगर्नि (पति : चित्र बहादुर, बाजे : कमरा) का नाउँमा दर्ता रहेको मंगला — ५(साविक अर्मन- ६ग) कि. नं. १९ को ७-१३-२-० क्षेत्रफल भएको पुरै जग्गा र बरञ्जा -४, को वुकेनी बिसौनामा रहेको हालसम्मको उपलब्ध अभिलेख अनुसार गंग सिं सुनार (बाबु : लक्षमण, बाजे : गोरे) का नाउँमा दर्ता रहेको मंगला — ४( साविक बरञ्जा - ८घ) कि. नं. १२० को १५-११-३-१ क्षेत्रफल भएको जग्गाको दक्षिण पूर्व तर्फ ५ रोपनी जग्गा <u>जग्गा प्राप्ति ऐन, २०३४</u> को दफा ९ बमोजिम स्थायी रुपमा प्राप्त गर्ने प्रयोजनार्थ प्रारम्भिक कारवाई चलाउनको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१२/१९ को निर्णयानुसार <u>जग्गा प्राप्ति ऐन, २०३४</u> को दफा ९ को उपदफा (१) को प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालय म्याग्दीद्वारा मिति २०७५/०१/२९ गतेको गोरखापत्र राष्ट्रीय दैनिकमा प्रकाशित १५(पन्ध्र) दिन अवधि भएको सार्वजनिक सूचनाको छायाँप्रति (फोटोकपी) ५(पाँच)/२०(बीस)/१०(दश)/१०(दश)/२०(बीस) प्रति संलग्न गरी फठाईएको छ, त्यहाँ कार्यालयको सूचना पाटी, नागरिकहरुको आवत जावत हुने सरकारी कार्यालय, सार्वजनिक स्थल, मूल वाटो चोक आदि स्थानहरुमा टाँस गरी सूचना टाँसको मूचुल्का सहित पठाउनुहुन निर्देशनानुसार अनुरोध छ ।

२०७५।१।३०
विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बारेमा केही सम्झदारी गरेका थियौं, दुवै देशका अधिकारीले ती सम्झदारीमा धेरै काम अघि बढाइसकेका छन्। रक्सौल–काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन छिटै हुनेछ।'

उहाँले कनेक्टिभिटी विकासका मुख्य आधार भएको बताउँदै दुवै देश मिलेर यस क्षेत्रमा काम गर्नुपर्ने धारणा राख्नुभयो। मोदीले भक्तपुर क्यान्सर अस्पतालका लागि रेडियोथेरापी उपकरण दिने घोषणा पनि गर्नुभयो। प्रतिनिधिमण्डलस्तरीय छलफलअघि प्रधानमन्त्री द्वयबीच एक्लाएक्लै वार्ता भएको थियो। वार्तामा आपसी सम्बन्धबारे कुराकानी भएको छ।

सोही अवसरमा भारतीय प्रधानमन्त्री मोदी र नेपालका पूर्वप्रधानमन्त्रीहरूबीच पनि भेटवार्ता भएको थियो। भेटवार्तामा पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल 'प्रचण्ड', डा. बाबुराम भट्टराई, माधवकुमार नेपाल, झलनाथ खनाल, शेरबहादुर देउवा, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी लगायत सहभागी हुनुहुन्थ्यो।

प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीको सम्मानमा शुक्रबार रात्रिभोजको आयोजना गर्नुभयो।

लालबाबु राउतल प्रदेश सरकारले विश्वेक माटीलाई स्वागत गरेका थिए।

एका थिया।

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, म्याग्दी

## जग्गा प्राप्तिसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५।०१।२९**

मंगला गाउँपालिका स्वास्थ्य चौकी स्तरोन्नती गरी प्राथमिक अस्पताल बनाउन तथा उक्त गा.पा ४ नं. वडा कार्यालय निर्माणको लागि जग्गा प्राप्ति गर्नका लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित जग्गाहरू स्थायीरूपले प्राप्त गर्नुपर्ने भएकोले जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ बमोजिम स्थायीरूपमा प्राप्त गर्न र प्रारम्भिक कारबाही चलाउनका लागि नेपाल सरकारको निर्णयबमोजिम जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ उपदफा १ प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना गोरखापत्रमा प्रकाशित मितिले जग्गा प्राप्ति ऐन २०३४ को दफा १० अनुसार १५ दिनभित्र सरोकारवाला व्यक्तिले घर, टहरा, रूख, बिरूवा, बालिनाली भए सोसमेतको मुआब्जा दाबी गर्न वा आ–आफ्नो हकदैया वा भोगचलनसम्बन्धी निस्सा प्रमाणसहित रीतपूर्वकको निवेदन यस कार्यालयमा दिनुहोला। तोकिएको म्यादभित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानुनबमोजिम हुनेछ, पछि कुनै उजुर लाग्ने छैन।

**(स्वास्थ्य चौकी स्तरोन्नती गरी प्राथमिक अस्पताल बनाउनका लागि)**

तपसिल

| क. सं. | जग्गाधनी/मोहीको नाम थर | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | वडा नं. | कि. नं. | साविक क्षेत्रफल | | | | अधिग्रहण गरिने क्षेत्रफल | | | | तर्फ | किसिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रोपनी | आना | पैसा | दाम | रोपनी | आना | पैसा | दाम | | |
| १ | श्री मंगली मगर्नी | चित्रबहादुर | कमरा | हाल मंगला–५ (साविक अर्मन–६ग) | १९ | ७ | १३ | २ | ० | ७ | १३ | २ | ० | पूरै | सिमखेत |

**(४ नं. वडा कार्यालय बनाउनका लागि)**

तपसिल

| क. सं. | जग्गाधनी/मोहीको नाम थर | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | वडा नं. | कि. नं. | साविक क्षेत्रफल | | | | अधिग्रहण गरिने क्षेत्रफल | | | | तर्फ | किसिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रोपनी | आना | पैसा | दाम | रोपनी | आना | पैसा | दाम | | |
| १ | श्री गंगसिं सुनार | लक्ष्मण सुनार | गोरे | हाल मंगला–४ (साविक बरंजा–८घ) | १२० | १५ | ११ | ३ | १ | ५ | ० | ० | ० | दक्षिण पूर्व ५ रोपनी | पाखो सिम |

मंगला गाउँपालिकाको गाउँ कार्यपालिकाको बाबियाचौर, ४ नं. प्रदेश